प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७४/०७५ मा डिप्लोमा तथा प्रमाणपत्र तहको निर्वाह छात्रबृत्ति छनौटका लागि परिषद्का आङ्गिक शिक्षण संस्थामा अध्ययनरत बिद्यार्थीहरुबाट आवेदन फाराम भर्ने भराउने सम्वन्धी अत्यन्त जरुरी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७५।०३।०५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका आङ्गिक शिक्षण संस्थाका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७४/०७५ मा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रबृत्ति बितरण एवं भर्ना सम्वन्धी निर्देशिका २०७४ बमोजिम भर्ना भइ सोही निर्देशिकाको बुंदा नं ७.३ अनुसार लक्षित बर्गका कोटाहरुमा ७५ जनालाई निर्वाह छात्रबृत्तिका लागि सिफारिस गर्नुपर्ने भएको हुंदा निर्देशिका बमोजिम शैक्षिक सत्र २०७४/०७५ को सवै कार्यक्रमका प्रथम बर्ष र प्रथम बर्ष/प्रथम खण्डमा अध्ययनरत योग्यता पुगेका बिद्यार्थीहरुलाई आवेदन फाराम भराई योग्य परीक्षार्थीहरुको सूची मिति २०७५।०३।२० गते भित्र परिषद् प.नि.का.मा प्राप्त हुने गरी पठाउनु हुन सम्वन्धित शिक्षण संस्था एवं बिद्यार्थीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र परीक्षार्थीको विवरण प्राप्त नभएमा यस छात्रबृत्ति कार्यक्रममा समावेश गराइने छैन ।

तपसिल :

| आङ्गिक शिक्षण संस्थाको नाम | |
|---|---|
| १. श्री रत्न कुमार बान्तवा पोलिटेक्निक इन्स्टिच्यूट, साखेजुङ्ग, इलाम | १४. श्री स्कूल अफ हेल्थ साइन्स, भरतपुर, चितवन |
| २. श्री सुम्निमा पोलिटेक्निक इन्स्टिच्यूट, भोजपुर | १५. श्री नारायणी पोलिटेक्निक इन्ष्टिच्यूट, भरतपुर, चितवन |
| ३. श्री उत्तरपानी प्राविधिक शिक्षालय, उत्तरपानी, धनकुटा | १६. श्री गोरखा पोलिटेक्निक इन्ष्टिच्यूट, पालुङ्गटार, गोरखा |
| ४. श्री लहान प्राविधिक शिक्षालय, लहान, सिराहा | १७. श्री तनहुं प्राविधिक शिक्षालय, भिमाद, तनहुं |
| ५. श्री बि.पि.मेमोरियल पोलिटेक्निक इन्ष्टिच्यूट, सपही, धनुषा | १८. श्री पोखरा प्राविधिक शिक्षालय, फुलवारी, पोखरा |
| ६. श्री सन्त अल्पमाई रामनारायण नर्सिङ्ग कलेज, मलंगवा, सर्लाही | १९. श्री भेरी प्राविधिक शिक्षालय, नेपालगंज, बांके |
| ७. श्री गौर नर्सिङ्ग इन्स्टिच्यूट, रौतहट | २०. श्री राप्ती प्राविधिक शिक्षालय, लालमटिया, दाङ्ग |
| ८. श्री जयकिसान पोलिटेक्निक इन्ष्टिच्यूट, धरहरी, रौतहट | २१. श्री कोरिया नेपाल इन्स्टिच्यूट अफ टेक्नोलोजी, तामनगर, रुपन्देही |
| ९. श्री रामेछाप पोलिटेक्निक इन्ष्टिच्यूट, मन्थली, रामेछाप | २२. श्री एग्रो पोलिटेक्निक इन्ष्टिच्यूट, छत्रदेव-४, अर्घाखांची |
| १०. श्री जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा | २३. श्री धवलागिरी पोलिटेक्निक इन्ष्टिच्यूट, बलेवा, बागलुङ्ग |
| ११. श्री बनेपा पोलिटेक्निक इन्स्टिच्यूट, बनेपा, काभ्रे | २४. श्री रोल्पा पोलिटेक्निक इन्ष्टिच्यूट, मेवाङ्ग, रोल्पा |
| १२. श्री बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ | २५. श्री कर्णाली प्राविधिक शिक्षालय, जुम्ला |
| | २६. श्री टिकापुर पोलिटेक्निक इन्ष्टिच्यूट, टिकापुर, कैलाली |
| १३. श्री शंकरापुर पोलिटेक्निक इन्स्टिच्यूट, सांखु, काठमाण्डौ | २७. श्री सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी |

**१. सम्वन्धित शिक्षण संस्था एवं विद्यार्थीहरुलाई निर्देशन :**

क) आवेदन फाराम परिषद्को वेभसाइट www.ctevt.org.np बाट डाउनलोड गरी भर्नु भराउनु पर्नेछ ।

ख)सरकारी वा सामुदायिक बिद्यालय, परिषद्, र त्रिभुवन बिश्वविद्यालयको आंगिक शिक्षण संस्थाबाट एस.इ.इ वा एस.एल.सी वा प्रा.एस.एल.सी उत्तीर्ण बिद्यार्थी(नेपाली नागरिक) ले मात्र यस छात्रबृत्तिमा आवेदन गर्न योग्य हुने भएकाले सोही बिद्यार्थीहरुबाट आवेदन फाराम भरी भराई बिद्यार्थीको विवरण (बिद्यार्थीको नामथर, अध्ययनरत कार्यक्रम, बिद्यार्थीले पेश गरे बमोजिमको आफु पर्ने लक्षित बर्गहरु, प्रवेश परीक्षा २०७४ को सिम्बल नं र प्राप्तांक, एस.इ.इ वा एस.एल.सी.को प्राप्तांक र प्रतिशत, ग्रेड) उल्लेख गरी सूची बनाई पठाउने जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाका प्रमुख/प्राचार्यको हुनेछ ।

ग)परिषद्बाट प्रदान गरिने अन्य छात्रबृत्ति प्राप्त गर्ने परीक्षार्थी यस छात्रबृत्तिमा समावेश हुन पाउने छैनन् । विवरण लुकाई यस छात्रबृत्तिमा सामेल भएको पाइएमा निजको दुवै छात्रबृत्ति रद्ध गरिनेछ ।

**२. आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) नेपाली नागरिक हो भनी प्रमाणित हुने नागरिकता वा नावालिग वा जन्मदर्ताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ख)सरकारी वा सामुदायिक बिद्यालय, परिषद् र त्रिभुवन विश्वविद्यालयको आंगिक शिक्षण संस्था हो भनी सम्वन्धित जिल्लाको जिल्ला शिक्षा कार्यालय वा सम्वन्धित बिद्यालय, परिषद् शिक्षालय र त्रिभुवन विश्वविद्यालयले प्रमाणित गरेको पत्रको प्रमाणित प्रतिलिपी ।

ग)दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको भर्ना सम्वन्धी निर्देशिका २०७४ को अनुसूची १ अनुसारका जातीहरु र सुचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरिएको दलित प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

घ)मधेशी/मुसलमानहरुको हकमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ङ)आदिवासी जनजातीको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको भर्ना सम्बन्धी निर्देशिका २०७४ को अनुसूची २ मा उल्लेख अनुसारका जातीहरु र सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरिएको आदिवासी जनजाती प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

च)पिछडिएको दुर्गम क्षेत्रकाको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नै एस.एल.सी उत्तीर्ण गरेको शैक्षिक योग्यता तथा स्थायी बसोबास गरेको स्थानीय पञ्जिकाधिकारीको कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

छ)बेपत्ता पारिएका व्यक्ति र शहिद परिवार तथा घाइते वा निजको परिवारले बिक्रम संवत २०६२/०६३ को जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सबै आन्दोलनको क्रममा बेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवार/जन आन्दोलन घाइते परिवार/द्वन्द पिडित /बिस्थापित हो भनी सम्वन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ज)अपाङ्गको हकमा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

झ)पूर्व कमैया/हलैयाहरुको हकमा सम्वन्धित जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ञ)बिपन्न बर्गको हकमा सम्वन्धित गाउं पालिका वा नगरपालिका भएमा सम्वन्धित वडा कार्यालयले प्रमाणित गरिदिएको पत्रको प्रमाणित प्रतिलिपी ।

ट)स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइजको १ प्रति पासपोर्ट साइजको रंगीन फोटो

ठ)एस.इ.इ वा एस.एल.सी वा सो सरहको शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ड)एकल महिलाको हकमा स्थानीय पञ्जिकाधिकारी कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ढ)फारामसाथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु विद्यार्थी स्वयंले प्रमाणित गरी सूची बनाई पेश गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगर्ने र आवश्यक कागजात पेश नगर्ने विद्यार्थीहरुलाई यस छात्रबृत्तिमा समावेश गराइने छैन ।

**परीक्षा नियन्त्रक**